## बैठक संख्या - १

आज मिति २०७८ साल श्रावण महिनाको ०८ गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री राम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राम नारायण शर्मा पोखेल ज्यू | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी ज्यू | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री लाल बहादुर योगी | |

आमन्त्रित :-

श्री देविलाल थारु कुमाल, १ नम्बर वडा कि.शि. अध्यक्ष [illegible]

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं (लेखा) ।

श्री पुनाराम शर्मा , अधिकृत छैठौं ।

Scanned with CamScanner

मिति २०७९/०४/०९ गतेको कार्यपालिकाको बैठकमा प्रेसित प्रस्तावहरू

**प्रस्ताब नम्बर १ :** गढवा गाउँपालिका अन्र्तगत संचालित क्रसर तथा बालुवा प्रशोधन उद्योगको स्टक प्रमाणित सम्बन्धमा ।

**प्रस्ताब नम्बर २ :** गढवा गाउँपालिका अन्र्तगत संचालित क्रसर तथा बालुवा प्रशोधन उद्योगको छेउछाउमा तथा नदि किनारमा जथाभावी रूपमा डम्पिङ गरि राखेको वेवारिसे नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा ।

**प्रस्ताब नम्बर ३ :** यस वर्ष नयाँ वातावरणिय अध्ययन प्रतिवेदन (आई.ई.ई) तयार पार्नुपर्ने थप घाटहरू सम्बन्धमा ।

**प्रस्ताब नम्बर ४ :** गढवा गाउँपालिकामा आवश्यक देखिएका थप ऐन, कानून, कार्यविधि, निर्देशिकाको निर्माण सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्ने सम्बन्धमा ।

**प्रस्ताब नम्बर ५ :** गढवा गाउँकार्यपालिका अन्र्तगत वन वातावरण तथा विपद व्यवस्थापन समितिको बैठकको निर्णयहरू अनुमोदन सम्बन्धमा ।

**प्रस्ताब नम्बर ६ :** फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।

**प्रस्ताब नम्बर ७ :** गौशाला व्यवस्थापन सम्बन्धमा ।

**प्रस्ताब नम्बर ८ :** भूमि सम्बन्धी कामकाजलाई व्यवस्थापन र तिव्रता दिने सम्बन्धमा ।

**प्रस्ताब नम्बर ९ :** वडा कार्यालयमा प्राविधिक कर्मचारीको व्यवस्थापनका लागि विज्ञापन सम्बन्धमा ।

**प्रस्ताब नम्बर १० :** गढवा गाउँकार्यपालिका कार्यसंचालन कार्यविधिको २०७७ को प्रथम संशोधन सम्बन्धमा ।

**प्रस्ताब नम्बर ११ :** गढवा गाउँकार्यपालिकाका आई.ई.ई. गरिसकेका घाटहरूको प्राविधि प्रतिवेदन माग गर्ने सम्बन्धमा ।

**प्रस्ताब नम्बर १२ :** गढवा ६ मा निर्माणाधिन १५ शैय्याको अस्पतालको रेखदेखका लागि डोर हाजिरीमा प्राविधिक खटाउने सम्बन्धमा ।

**निर्णय नम्बर १ :** प्रस्ताव नम्बर १ उपर छलफल गर्दा गढवा गाउंपालिका अन्तंगत संचालित क्रसर तथा बालुवा प्रशोधन उद्योगको स्टक नापजाँचका लागि मिति २०७९/०३/२८ गतेको गाउंकार्यपालिकाको बैठकबाट गठित अनुगमन तथा स्टक नापजाँच समितिले मिति २०७९/०४/०३ गतेदेखि मिति २०७९/०४/०७ सम्म स्थलगत नापजाँच गरि तयार पारेको क्रसर तथा बालुवा प्रशोधन उद्योगहरूले संकलन गरी राखेको तर्पाशल बमोजिमको नदिजन्य पदार्थको स्टक सर्वसम्मतिले प्रमाणित गर्ने साथै उक्त उद्योगहरूको आ.व. २०७८/०७९ मा भएगरेका खरिद बिक्रि सम्बन्धी सम्पूर्ण कारोवारहरूको विल विजक र आवश्यक कागजातहरू एक सातामित्र माग गर्ने निर्णय गरियो ।

तपिशल :

| क्र.सं. | उद्योगको नाम | ठेगाना | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | सप्तऋषि बालुवा प्रशोधन उद्योग | गढवा १ | ४,७२०।८६ | |

| | | | | |
|---|---|---|---|---|
| २ | योगी व्रदर्श क्रसर उद्योग | गढवा १ | २२,८२३।०० | |
| ३ | ओम नम शिवाय क्रसर उद्योग | गढवा १ | ११,०७७।१० | |
| ४ | देउखुरी भ्याली क्रसर उद्योग | गढवा १ | ४६,६९३।५५ | |
| ५ | जनप्रिय बालुवा प्रशोधन उद्योग | गढवा १ | ८,७६१।९१ | |
| ६ | सफल बालुवा प्रशोधन उद्योग | गढवा १ | ५,८९५।८१ | |
| ७ | सूर्य एग्रिगेट बासिङ्ग उद्योग | गढवा १ | ३१,१६६।५० | |
| ८ | स्वर्गद्वारी क्रसर उद्योग | गढवा १ | १५५४०।८ | |
| ९ | समावेशी बालुवा प्रशोधन उद्योग | गढवा १ | ३३०२९।५७ | |
| १० | शिवराज एग्रिगेट बालुवा प्रशोधन उद्योग | गढवा १ | ६१८६।८० | |
| ११ | बाबा बासिङ्ग प्लान्ट उद्योग | गढवा १ | २७००२।६९ | |
| १२ | लक्ष्मि एग्रिगेट बालुवा प्रशोधन उद्योग | गढवा १ | १०९५७।४० | |
| १३ | बज्रगुरू कन्स्ट्रक्सन कम्पनि प्रा.ली. | गढवा २ | ३२१२८।५ | |
| १४ | सगरमाथा क्रसर उद्योग | गढवा ३ | २९१३६।१५ | |
| १५ | मध्यपश्चिम क्रसर उद्योग प्रा.ली. | गढवा ५ | ४०६५९।६६ | |
| १६ | समृद्धि माईनिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.ली. | गढवा ५ | ४३३७४।९४ | दहत्तर बहत्तर १०८० घ.मि. |
| १७ | पूर्णागिरी बालुवा प्रशोधन केन्द्र | गढवा ७ | २४,६०५।४५ | |
| १८ | दाङ एग्रीगेट बालुवा प्रशोधन | गढवा ७ | ११,०५०।३९ | |
| १९ | कनक कन्स्ट्रक्सन | गढवा ७ | २०,८५६।०० | ३ स्प्यान र ७ पिलरको स्टक्चरमा प्रयोग भएको बाहेक |
| २० | श्री खत्री एण्ड जि.सी. सप्लायर्स | गढवा १ | ९१०१।४६ | |

**निर्णय नम्बर २ :** प्रस्ताव नम्बर २ उपर छलफल गर्दा गढवा गाउँपालिका अर्न्तगत सञ्चालित क्रसर तथा बालुवा प्रशोधन उद्योगको छेउछाउमा तथा नदि किनारमा जथाभावी रूपमा डम्पिङ गरि राखेको बेवारिसे नदिजन्य पदार्थ व्यवस्थापनका लागि १ हप्ताको म्याद भित्र स्टक नापजाँचको लागि आवेदन दिन वा आफूसँग भएको खरिद रसिदका अभिलेख पेश गर्न गाउँपालिकाको तर्फबाट समय उपलब्ध गराउने गरि सूचना प्रकाशन गर्ने र उक्त समयसम्म पनि सम्पर्कमा नआएमा कानून बमोजिम कार्वाहीको लागि प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नम्बर ३ :** प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा यस वर्ष नयाँ वातावरणिय अध्ययन प्रतिवेदन (आई.ई.ई.) तयार पार्नुपर्ने तपशिल बमोजिमका थप घाटहरूमा स्थलगत अनुगमन गरि आवश्यकताका आधारमा तपशिल बमोजिमका घाटहरूमध्येबाट छनौट गरि उक्त घाटहरूको आई.ई.ई. (वातावरणिय प्रभाव परिक्षण मुल्याङ्कन) गर्ने निर्णय गरियो ।

- राप्ती नदि रतनपुर घाट
- राप्ती नदि खडकपुर घाट
- राप्ती नदि धर्मपुर घाट
- राप्ती नदि लोखरपुर घाट
- राप्ती नदि भारबैरा घाट
- राप्ती नदि भोजपुर घाट
- राप्ती नदि खैरा घाट
- कञ्रहवा खोला, मानपुर घाट

Scanned with CamScanner

**निर्णय नम्बर ४ :** प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा गढवा गाउँपालिकामा आवश्यक, प्राथमिकता तपशिल बमोजिका थप ऐन, कानून, कार्यविधि, निर्देशिका को निर्माण आवश्यक्ता भएकोमा तपशिल बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्ने तथा स्थानीय स्तरमै विधेयक समितिबाट तयार गरि कानुन निर्माण प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्ने**

१. करार खेति तथा चक्लाबन्दी खेती सम्बन्धी ऐन, नियम, कार्यविधि
२. युवा तथा खेलकुद समिति गठन, संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन, नियमावली, कार्यविधि
३. गाउँपालिकाको विपद व्यवस्थापन कोषको आपतकालिन कार्यसंचालन तथा राहत व्यवस्थापन कार्यविधि
४. नदिजन्य पदार्थको गाउँपालिकाबाटै संकलन तथा बिक्रि वितरण सम्बन्धी ऐन, नियमावली, कार्यविधि कार्यविधि
५. गाउँपालिकाको नगरप्रहरीको गठन, संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन, नियमावली, कार्यविधि

**ख) पालिकास्तरमै विधेयक समितीबाट तयार पारिने**

१. गाउँपालिकाको गाउँ शिक्षा नियमावली
२. विपद सम्बन्धी उपभोक्ता समिति संचालन तथा व्यवस्थापन कार्यविधि
३. गढवा गाउँपालिकामा एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन
४. विपयगत समिति बैठक संचालन कार्यविधि
५. घरेलु तथा लैगिंक हिंसामा परेका महिलाहरूको संरक्षणको लागि सुरक्षित बास गृह संचालन तथा व्यवस्थापन
६. गढवा गाउँपालिकाको सहकारी नियमावली
७. श्रम सहकारी गठन संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन, नियमावली, कार्यविधि

**निर्णय नम्बर ५ :** प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा गढवा गाउँकार्यपालिका अन्तर्गत वन वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७९/०४/०८ गतेको बैठकको विपद सम्बन्धी योजना तथा कार्यक्रमहरू छनौट गरि कार्यान्वियनका लागि सिफारिस गर्ने निर्णयको समर्थन गरि तपशिल योजनाहरू यथाशिघ्र कार्यान्वयन गरि सम्भावित जोखिलाई न्युनिकरण गर्ने निर्णय गरियो ।

वडा नम्बर १ मा :

- पुतलि बजार गुल्हरेनी खोला

वडा नम्बर २ मा :

- पचाहा गमाल टोल
- सुरेन्द्र घर नजिक, पचाहा
- पचाहा रात्री स्कुल नजिक
- बघमरूवा खोला
- महदेवा खोला
- पचाहा पूर्व गा.पा. अध्यक्ष घरनेर

वडा नम्बर ३ मा :

Scanned with CamScanner

- कपली खोला
- बुके खोला
- सुपैला कुटि खोला
- उल्टी खोला

वडा नम्बर ४ मा :

- वडाका विभिन्न टोलका भित्रि बाटोका खाल्डाखुल्डीमा ग्राबेल कार्य र माटो फिलिङ

वडा नम्बर ५ मा :

- काली मन्दिर खोला कटान नियन्त्रण
- कञ्चनया कुलो सोहोर्ने
- जमुनियास खोला उकास समाधान
- पानी निकास
- पश्चिम सुतैया बाटो कटान नियन्त्रण
- सिञ्चनया खोला कटान नियन्त्रण, चौकी
- पर्नाहा बाटो कटान नियन्त्रण

वडा नम्बर ६ मा :

- कञ्चनया छिपुरे खोला
- तल्लो मतपुर खबरी खोला नियन्त्रण
- बनघुस्री खोलामा बनघुस्री बाटो मर्मत
- कुमाल गाउँ पानी निकास

वडा नम्बर ७ मा :

- गुरुङ खोला
- कञ्चनया खोला
- सिञ्चनया खोला

**निर्णय नम्बर ६ :** प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा फोहोरमैला व्यवस्थापन सम्बन्धमा वडा नम्बर ५ स्थित सामुदायिक बनमा रहेको हालको गढवा गाउँपालिकाको डम्पिङ साईटमा फोहोर फाल्नका लागि सामुदायिक वन उपभोक्ता समिती तथा स्थानीयबासीहरूबाट पटक पटक अवरोध तथा असहमति भईरहेकोले दिर्घकालिन रूपमा व्यवस्थीत डम्पिङ साईट निर्माण गरि स्थानान्तरण आवश्यक भएकोले उक्त कार्यका लागि आवश्यक सहमति तथा जग्गा व्यवस्थापनका लागि तपशिल बमोजिमको समिती गठन गरि जिम्मा दिने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | नाम | पद | समितीमा | कैफियत |
|---|---|---|---|---|
| १ | श्री बीर बहादुर आले मगर | ६ नम्बर वडा अध्यक्ष | संयोजक | |
| २ | श्री लेख बहादुर थापा | ५ नम्बर वडा अध्यक्ष | सदस्य | |
| ३ | श्री हरिभगत चौधरी | ४ नम्बर वडा अध्यक्ष | सदस्य | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४ | श्री राहुलदेव चौधरी | ७ नम्बर वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री रमा भण्डारी | ४ नम्बर वडा सदस्य | सदस्य | |

**निर्णय नम्बर ७ :** प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा यस गढवा गाउँपालिकामा छाडा छोडिएका, अवैध निकासी गर्दा बरामद भएका तथा अन्य सडक गाईगोरु समेटेर वडा नम्बर ६ स्थित अगाले बिसौनामा गौशाला व्यवस्थापन गरिएकोमा उक्त खोला किनारमा स्थापना भएको गौशाला अत्यन्त जोखिममा रहेको र जुनसुकै बेला बाढी आएर बगाउन सक्ने खालको नाजुक स्थिती रहेको र तत्काल स्थानान्तरण गर्नुपर्ने भएकोले उक्त स्थानान्तरण कार्यका लागि सोसम्बन्धि तथा जग्गा व्यवस्थापनका कार्यका लागि तपशिल बमोजिमको समिती गठन गरि जिम्मा दिने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | नाम | पद | समितमा | कैफियत |
|---|---|---|---|---|
| १ | श्री वीर बहादुर आले मगर | ६ नम्बर वडा अध्यक्ष | संयोजक | |
| २ | श्री लेख बहादुर थापा | ५ नम्बर वडा अध्यक्ष | सदस्य | |
| ३ | श्री हरिभगत चौधरी | ४ नम्बर वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री राहुलदेव चौधरी | ७ नम्बर वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री रमा भण्डारी | ४ नम्बर वडा सदस्य | सदस्य | |

**निर्णय नम्बर ८ :** प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा भूमि सम्बन्धी कामकाजलाई व्यवस्थापन र तिव्रता दिनका लागि आवश्यक कर्मचारी तथ्याङ्क संकलन तथा प्रविष्टी ईकाई संयोजक पदमा विज्ञापन गरि सेवा करारमा कार्यक्रम अवधिका लागि मात्र हुने गरि सेवा करार सम्झौता गर्ने साथै लगत फाराम प्रविष्टीको कार्यलाई तिव्रता दिनका लागि भूमि सम्बन्धी समस्या समाधान आयोगको लगत संकलन ईकाईमा कम्प्युटर व्यवस्थापन गरि प्रति फाराम रु ८० का दरले फाराम प्रविष्ट गराउनका लागि सात दिने सूचना आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ९ : प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा एक वडा एक प्राविधिकको व्यवस्था गरि यस गढवा गाउँपालिकामा पूर्वाधार सम्बन्धी कामकाजमा सहजता ल्याउन र सेवाग्राहीहरूलाई वडा कार्यालयबाटै सेवा उपलब्ध गराउनका लागि गाउँसभाको एघारौ अधिवेशनको निर्णयानुसार २ जना सब-ईन्जिनियर, सहायकस्तर पाँचौ तहमा विज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नम्बर १० : प्रस्ताव नम्बर १० उपर छलफल गर्दा गढवा गाउंकार्यपालिका कार्यसंचालन कार्यविधिको २०७८ शंसोधन गरि कर्मचारी प्रोत्साहन कार्यसम्पादन समयका आधारमा प्रदान गर्ने तथा गाउंपालिका अध्यक्ष र उपाध्यक्षको सचिवालयको व्यवस्था गर्ने सम्बन्धमा विधेयक समितीबाट पेश भएको गढवा गाउँकार्यपालिका कार्यसंचालन कार्यविधि २०७८ प्रथम शंसोधन २०७९ सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ११ : प्रस्ताव नम्बर ११ उपर छलफल गर्दा गढवा गाउँकार्यपालिका अन्तर्गतका विभिन्न अघिल्लो आर्थिक वर्षमा आई.ई.ई. भएका आई.ई.ई सम्बन्धी सूचिकृत संस्थाहरूसँग दरभाउपत्र माग गरि प्राविधिक प्रतिवेदनका लागि परामर्श सेवा खरिद गर्ने निर्णय गरियो ।

तपशिपल :

१. चिसापानी झरौनी खोला पूर्व देखि जुरौनी पुल माथि सम्मको खण्ड, रनसिङ खोला
२. राप्ती रनसिङ दोभान देखि मलमला घाट सम्मको खण्ड, राप्ती नदि
३. मलमला घाटदेखि वनघुम्री घाटसम्मको खण्ड, राप्ती नदि
४. माथिल्लो वडहरा देखि तल्लो वडहरा सम्मको खण्ड, राप्ती नदि

Scanned with CamScanner

५. पत्रिङ्गा घाट देखि जेठानगाउँ सम्मको खण्ड , राप्ती नदि
६. पचहिया देखि महदेवा पुला माथि सम्मको खण्ड, राप्ती नदि

निर्णय नम्बर १२ : प्रस्ताब नम्बर १२ उपर छलफल गर्दा यस गढवा गाँउपालिकामा अर्न्तगत वडा नम्बर ६ स्थित निर्माणाधिन १५ शैय्याको अस्पतालको नियमित रेखदेख तथा प्राविधिक रूपमा निगरानी गर्नका लागि तत्काल प्राविधिक खटाउनुपर्ने आवश्यक्ता देखिएकोले दैनिक डोर हाजिरमा सहायकस्तर पाँचौ तहको मासिक तलब सुबिधा बमोजिम दैनिक पारिश्रमिक भुक्तानी दिनेगरि कामकाज गर्न गढवा ३ निवासी सब ओभरसियर श्री प्रविण अधिकारीलाई खटाउने र सो को भुक्तानी उक्त योजनाको कन्टीन्जेन्सी रकमबाट उपलब्ध गराउने गरि कामकाजमा लगाउने निर्णय गरियो ।

Scanned with CamScanner